## सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि)

### आन्तरिक, खुल्ला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

लोक सेवा आयोगबाट मिति २०७६।०६।०५ गते प्राप्त सहमति अनुसार यस लि. मा रिक्त रहेका देहायका पदहरु आन्तरिक, खुल्ला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले सिडिएस एण्ड क्लियरिङ्ग लि. कर्मचारी सेवा शर्त विनियमावली, २०७५ अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम रु. १००।-(एक सय) तिरी सिडिएससिको कार्यालयको प्रशासन विभागबाट प्राप्त गर्न सकिनेछ वा यस लि. को वेभसाइटबाट समेत प्राप्त गर्न सकिनेछ । दरखास्त फाराम भरी निर्दिष्ट स्थानमा हालै खिचिएको पासपोर्ट साईजको फोटो टाँस गरी दरखास्त साथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपि एक एक प्रति तयार गरी आफैंले प्रमाणित गराई सिडिएससिको कार्यालय, पुतलीसडकमा बुझाउनुपर्नेछ । सरकारी, गैरसरकारी वा अन्य कुनैपनि संगठित संस्थामा कार्यरत दरखास्तका साथ सम्बन्धित संस्थाको स्वीकृति समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । परीक्षा दस्तुर रकम प्रभु बैंक लि., पुतलीसडकमा रहेको सिडिएस एण्ड क्लियरिङ्ग लि. को खाता नं. १३३११६००९२३६१५००००01 मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम मिति पछिको ७ (सात) दिन सम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह/उपसमूह | किसिम | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ०५/०७६/७७ | सहायक प्रबन्धक | आठौं | सिडिएससि/साधारण | आन्तरिक प्रतियोगिता | १ |
| २. | ०६/०७६/७७ | वरिष्ठ अधिकृत | सातौं | सिडिएससि/साधारण | आन्तरिक प्रतियोगिता | १ |
| ३. | ०७/०७६/७७ | वरिष्ठ आई.टी. अधिकृत | सातौं | सिडिएससि/ प्राविधिक | आन्तरिक प्रतियोगिता | १ |
| ४. | ०८/०७६/७७ | अधिकृत | छैठौं | सिडिएससि/साधारण/ लेखा | खुल्ला | १ |
| ५. | ०९/०७६/७७ | अधिकृत | छैठौं | सिडिएससि/साधारण/कानून | खुल्ला | १ |
| ६. | १०/०७६/७७ | आई.टी. अधिकृत | छैठौं | सिडिएससि/प्राविधिक | खुल्ला | १ |
| ८. | ११/०७६/७७ | आई.टी. अधिकृत | छैठौं | सिडिएससि/प्राविधिक | आदिवासी/जनजाति | १ |
| ९. | १२/०७६/७७ | वरिष्ठ सहायक | पाँचौं | सिडिएससि/साधारण | खुल्ला | २ |
| १०. | १३/०७६/७७ | वरिष्ठ सहायक | पाँचौ | सिडिएससि/साधारण | आदिवासी/जनजाति | १ |
| ११. | १४/०७६/७७ | वरिष्ठ कम्प्युटर अपरेटर | पाँचौं | सिडिएससि/प्राविधिक | खुल्ला | १ |
| १२. | १५/०७६/७७ | वरिष्ठ कम्प्युटर अपरेटर | पाँचौं | सिडिएससि/प्राविधिक | मधेशी | १ |

**परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता

**परीक्षा केन्द्र :** काठमाडौं

**दरखास्त बुझाउने स्थान :** सिडिएस एण्ड क्लियरिङ लि., शेयर मार्केटस् कमर्सियल कम्प्लेक्स, पुतलीसडक

**संलग्न गर्नुपर्ने कागजातहरु :** उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाणपत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सो को साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नुपर्नेछ । अनुभव आवश्यक पर्ने पदहरुका लागि दरखास्त फारममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफूले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७६/०६/३० गते र दोब्बर दस्तुर तिरी मिति २०७६/०७/०७ गतेसम्म बुझाउन सकिनेछ ।

**उम्मेदवारको उमेरको हद :** सहायक प्रबन्धक पदको हकमा मिति २०७६/०६/३० गते सम्म २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको । अन्य पदको हकमा मिति ०७६/०६/३० सम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको ।

**तलब तथा सेवा सुविधा :** सिडिएससिको नियम अनुसार ।

**लिखित परीक्षा मिति :** लोक सेवा आयोगबाट कायम भएपश्चात् प्रकाशित गरिनेछ ।

**परीक्षा दस्तुर :** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनुपर्छ । एउटै पदको एक भन्दा बढी किसिमका विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप किसिम प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

| तह | परीक्षा दस्तुर | प्रत्येक थप समूहका लागि थप दस्तुर |
|---|---|---|
| आठौं | रु. २,५००।- (दुई हजार पाँच सय) | रु. २०० (दुई सय) |
| सातौं | रु. २,०००।- (दुई हजार सय) | रु. २०० (दुई सय) |
| छैठौं | रु. १,५००।- (एक हजार पाँच सय) | रु. २०० (दुई सय) |
| पाँचौ | रु. १,०००।- (एक हजार सय) | रु. २०० (दुई सय) |

**आवश्यक न्यूनतम योग्यता :**

१) सहायक प्रबन्धक : नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट धितोपत्र बजार, व्यवस्थापन, वित्त, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जन प्रशासन, कम्प्युटर इन्जिनियरिङ्ग, कम्प्युटर विज्ञान, सूचना प्रविधि वा सो सरहको विषयमा कम्तीमा स्नात्तकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको र सरकारी सेवा, निजामती सेवा, विश्वविद्यालय, सामुदायिक विद्यालय वा नेपाल सरकारको पचास प्रतिशत वा सो भन्दा बढी सेयर वा जायजेथामा स्वामित्व वा नियन्त्रण भएको संस्थान, सिडिएससि, समिति वा प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्था प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद वा सिडिएससिमा सूचीकृत संगठित संस्थामा अधिकृत स्तरको तहमा कम्तीमा पाँच वर्ष सम्म अविच्छिन्न रुपमा सेवा गरेको ।

२) वरिष्ठ अधिकृत र अधिकृत : नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट धितोपत्र बजार, व्यवस्थापन, वित्त, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जन प्रशासन, कम्प्युटर इन्जिनियरिङ्ग, कम्प्युटर विज्ञान, सूचना प्रविधि वा सो सरहको विषयमा कम्तीमा स्नात्तकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको । कानून अधिकृत पदको लागि कानून विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको ।

३) वरिष्ठ आई.टी. अधिकृत र आई.टी अधिकृत : विई कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर विज्ञान, सूचना प्रविधि वा सो सरहको विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको ।

४) वरिष्ठ सहायक : नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट धितोपत्र बजार, व्यवस्थापन, वित्त, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जन प्रशासन, कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर विज्ञान, सूचना प्रविधि वा सो सरहको विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको ।

५) वरिष्ठ कम्प्युटर अपरेटर : कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर विज्ञान, सूचना प्रविधि, वा सम्वन्धित विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरुका लागि विशेष निर्देशन :**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु संलग्न गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिइ आउनुपर्नेछ ।

क) आदिवासी/जनजाती भएमा आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानबाट, दलित भएमा राष्ट्रिय दलित आयोगबाट, अपांग भएमा समाज कल्याण परिषद्बाट, मधेशी भएमा मधेशी आयोगबाट, पिछडिएको क्षेत्रको भएमा सम्बन्धित जिल्लाको नागरिकताको प्रमाणपत्रको साथमा सम्बन्धित गाउँपालिकाबाट हाल सोही गाउँपालिकामा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात ।

**द्रष्ट्रव्य :**

१) सिडिएस एण्ड क्लियरिङ्ग लि. कर्मचारी सेवा शर्त विनियमावली, २०७५ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२) एउटै पदको एक भन्दा बढी समूहमा फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक समूहका लागि छुट्टाछुट्टै दरखास्त फाराम भर्नुपर्नेछ । साथै उम्मेदवारले प्रवेश पत्रमा आफू उम्मेदवार हुने समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनुपर्नेछ तर रोल नम्बर र प्रवेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ ।

३) प्रत्येक सेवा अन्तर्गत खुल्ला तथा समावेशी प्रतियोगिताका आधारमा लिइने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइनेछ ।

४) एक भन्दा बढी समूहमा फाराम भर्ने उम्मेदवारहरुले आफूले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येक १/१ प्रति मात्र बुझाए पुग्नेछ ।

५) दरखास्त पेश गर्ने उम्मेदवारहरुले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर बापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिन सम्ममा दोव्वर परीक्षा दस्तुर रकम प्रभु बैंक लि., पुतलीसडकमा रहेको सिडिएस एण्ड क्लियरिङ्ग लि. को खाता नं. १३३११६००९२३६१५००००१ मा जम्मा गरेको भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।

६) अनुभव आवश्यक पर्ने विज्ञापनको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्वन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

७) दोव्वर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

८) तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

९) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ ।

१०) कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गरिने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।

११) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

१२) पाठ्यक्रम यस लि. को वेभसाइट www.cdsc.com.np बाट प्राप्त गर्न सकिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति